# अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय
## सुर्खेत

☎०८३-५२१९६०
📠०८३-५२३८८४
Ext. ०८३-५२३१७८, ०८३-५२५३७४
✉ciaasurkhet@gmail.com


पत्र संख्या: प्रशासन/०८०/०८१
चलानी नं. ५२१

मिति:-२०८०/१०/०४

**विषय: निबन्ध लेखन प्रतियोगिता सम्बन्धमा ।**

श्री नगरपालिका/गाउँपालिका,
नगर/गाउँ कार्यपालिकाको कार्यालय (सबै)
(सुर्खेत/दैलेख/जाजरकोट /सल्यान/रुकुम पश्चिम/रुकुम पूर्व/ हुम्ला/जुम्ला/मुगु/कालीकोट/डोल्पा) ।

प्रस्तुत विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३३ औं स्थापना दिवस (२०८० माघ २८) को अवसरमा निबन्ध लेखन प्रतियोगिता आयोजना गरिने भएकोले आयोगको मिति २०८०/१०/०३ को पत्र एवं आयोगको मिति २०८०/१०/०४ गतेको गोरखापत्रमा प्रकाशित सूचनानुसार तहाँ नगरपालिका/गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा अध्ययनरत कक्षा ९ देखि १२ सम्मका विद्यार्थीको सहभागिताका लागि सम्बन्धित विद्यालयहरुलाई **सूचना** जानकारी गराई आवश्यक सहयोग गरिदिनु हुन अनुरोध छ । साथै तहाँ नगरपालिका/गाउँपालिकामा रहेका माध्यमिक विद्यालयहरुको नाम र इमेल, प्रधानाध्यापकको नाम र सम्पर्क नम्बर ५ (पाँच) दिन भित्र उपलब्ध गराइदिनुहुन समेत आदेशानुसार अनुरोध छ ।

**तपशिल:**

१. निबन्धको शीर्षक: **"भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन"** (द्रष्टव्य: निबन्ध मौलिक र अप्रकाशित हुनुपर्नेछ)
२. निबन्धको शब्द सीमा: निबन्ध २००० देखि २५०० शब्दमा नबढाई लेख्नुपर्नेछ ।
३. निबन्धको भाषा: निबन्ध नेपाली भाषामा लेख्नुपर्नेछ ।
४. सहभागी हुन पाउने विद्यार्थीहरु: कक्षा ९ देखि कक्षा १२ सम्म नियमित अध्ययनरत हुनुपर्नेछ ।
५. प्रतियोगितामा सहभागी हुने प्रक्रिया: प्रतियोगितामा सहभागी हुन इच्छुक विद्यार्थीले आफुले लेखेको निबन्ध साथ आफ्नो नामथर, ठेगाना, विद्यालयको नाम र ठेगाना, अध्ययनरत कक्षा र सम्पर्क नं. सम्भव भएसम्म अभिभावकको समेत सम्पर्क नं. उल्लेख गरी विद्यालयबाट आयोगको सुर्खेत कार्यालयलाई सम्बोधन गरी लेखेको सिफारिस पत्रसमेत संलग्न गर्नुपर्नेछ ।
६. निबन्ध आईपुग्नुपर्ने अन्तिम मिति: २०८० साल माघ १९ गतेसम्म कार्यालय समयभित्र लिखित प्रति वा सफ्टकपि (msword) यस कार्यालयमा वा यस कार्यालयको ईमेल ठेगाना: ciaa.surkhet@ciaa.gov.np वा bishnu.neupane@ciaa.gov.np पठाई सक्नु पर्नेछ ।
७. २०८० साल माघ १९ गते भित्र प्राप्त हुन आएका लिखित प्रति वा सफ्ट कपिलाई यस कार्यालयमा गठन भएको विज्ञ सम्मिलित मूल्याङ्कन समितिबाट मूल्याङ्कन गरिनेछ ।
८. यस कार्यालयको प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने १/१ जनालाई क्रमश: रु.१५,०००/-, रु.१२,०००/- र रु.१०,०००/- का दरले पुरस्कृत गरिनेछ । प्रतियोगिता सम्बन्धमा थप जानकारीको लागि यस कार्यालयको फोन नं. ०८३-५२३१७८ वा शाखा अधिकृत विष्णु प्रसाद न्यौपानेको मो. नं. ९८५८३२०५३६ मा सम्पर्क गर्न सकिनेछ ।
९. निबन्ध लेखन प्रतियोगिता सम्बन्धी सूचनाका लागि आयोगको वेवसाईट www.ciaa.gov.np मा प्रकाशित सूचना यसै साथ संलग्न छ ।

.....................
विष्णु प्रसाद न्यौपाने
शाखा अधिकृत

*(कृपया पत्राचार गर्दा मिति, पत्र संख्या र चलानी नम्बर अनिवार्य उल्लेख गर्नुहोला ।)*